सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

# २०७९ को निर्वाचनमा राजनीतिक दलका घोषणा पत्रमा सामाजिक सुरक्षा अध्ययन प्रतिवेदन



**लेखन तथा सम्पादन**
सह.प्राध्यापक डा. पद्मप्रसाद खतिवडा

**भाषा सम्पादन**
डा. देबकी आचार्य

**सम्पादन सल्लाहकार**
तिलोत्तम पौडेल
सुरभी भण्डारी

**सम्पादन सहयोगी**
नितु बर्नवाल
सरोज आचार्य
निरुता केसी

**प्रकाशन वर्षः** २०८०

**प्रकाशन प्रतिः** १००

**प्रकाशकः**
सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

**प्रकाशन सहयोग**
अन्तर्राष्ट्रिय श्रम संगठन

**डिजाईनः**
ईकिगाई टेक्नोलोजी प्रा. ली.
९८४१३०२७०५

**ISBN: ९७८-९९३७-१-४४१३-१**

**थप जानकारीका लागि**

सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल
सम्पर्क नम्बर : ९८५१३४८८५८
ईमेल : spcsnnepal@gmail.com
वेभसाईट : www.spcsnnepal.org

# भूमिका

नेपालमा सामाजिक सुरक्षाको इतिहासले लगभग १०० वर्ष टेक्न लागेको भए पनि नागरिक आफूले प्रत्यक्ष लाभ पुगेको अनुभूति गर्ने गरी वार्षिक बजेटमा नै ७५ वर्ष पुगेका ज्येष्ठ नागरिकलाई भत्ता वितरण गर्ने गरी सामाजिक सुरक्षाका क्षेत्रमा बजेट छुट्याउने श्रेय भने २०५१ सालको सरकारलाई जाने गरेको छ । लोकतन्त्रमा समावेशिताको नारा सहित सुरु भएको २०६२/०६३ को जनआन्दोलनको सफलतासँगै नेपालमा सामाजिक सुरक्षाको बहसले थप प्राथमिकता पायो । यस पछिका सरकारहरूले भत्ता वितरण कार्यक्रमको निरन्तरता दिँदै हाल ६८ वर्षमाथिका ज्येष्ठ नागरिकका अतिरिक्त कर्णालीमा ६० वर्ष माथिका सबै ज्येष्ठ नागरिक, एकल महिला, लोपोन्मुख जाति, अपाङ्गता भएका व्यक्ति, ६० वर्ष माथिका दलित, बाल पोषण कार्यक्रमबाट समेटिने बालबालिकालाई सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरणको व्यवस्था गरिएको छ । नेपालमा सामाजिक सुरक्षा भित्र भत्ता वितरण सरकारको नीति तथा कार्यक्रमको प्राथमिकतामा रहेकै सन्दर्भमा भत्ता वितरणको औचित्यका साथसाथमा सुरक्षाको आवश्यकता बोध गर्ने गरी सबै नागरिकमा सामाजिक सुरक्षाको प्रत्याभूति कसरी हुन सक्छ भन्ने सवाल चर्चामा छ । ज्येष्ठ नागरिकको भत्ता हाल रू. ४,०००।-(चार हजार) पुग्दा बाल पोषण कार्यक्रमको रकम भने रू.५३२।- मात्र हुनुले सबै नागरिकलाई समान व्यवहार भयो भएन भन्ने वहस सतहमा आएको छ ।

यसै सन्दर्भमा राजनीतिक दलहरूले निर्वाचन केन्द्रित घोषणापत्रमा सामाजिक सुरक्षाको विषयमा के-कस्ता कार्यक्रमहरू राखेका छन् भन्ने बारेमा यो अध्ययन प्रतिवेदन तयार गरिएको छ । अध्ययनका लागि राजनीतिक दलहरूले गत प्रदेश तथा प्रतिनिधि सभा निर्वाचन तथा स्थानीय तहको निर्वाचनमा जारी गरेका घोषणापत्रहरूलाई आधार बनाइएको छ । यस प्रकाशनले सामाजिक सुरक्षाको विषयमा कुन राजनीतिक दलले के विचार र कार्यक्रम दिएका छन् र तिनको प्रभाव कस्तो रहला ? भन्ने बारेमा चासो राख्ने विभिन्न व्यक्ति, संघसंस्था तथा सबै सरोकारवालालाई मद्धत पुग्छ भन्ने मैले विश्वास लिएको छु । यस महत्त्वपूर्ण सामग्री तयारीको क्रममा अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ)का राष्ट्रिय परियोजना संयोजक सुरभी भण्डारीको सहयोग र भूमिका महत्त्वपूर्ण छ । सामाजिक सुरक्षालाई प्रवर्द्धन गर्ने सन्दर्भमा आईएलओको प्रतिबद्धता तथा योगदानका निम्ति विशेष धन्यवाद् व्यक्त गर्दछु ।

यस प्रतिवेदन तयारीको कार्य गर्नु हुने त्रिभुवन विश्वविद्यालयका सह-प्राध्यापक डा.पद्मप्रसाद खतिवडाप्रति आभार व्यक्त गर्दछु । नेपालको मानव अधिकार तथा सामाजिक क्षेत्रको आन्दोलनमा विशिष्ठ भूमिका निर्वाह गर्नु भएका तथा पछिल्लो दिनमा समाज कल्याण परिषद्को उपाध्यक्ष भई योगदान गर्नु भएका डा. खतिवडाले नेपालमा २०७९ सालमा सम्पन्न आम निर्वाचन र स्थानीय तहका निर्वाचनका लागि राजनीतिक दलहरूले तयार गरेका घोषणापत्रहरूको सूक्ष्म अध्ययन गरी यो अध्ययन प्रतिवेदन तयार गर्नु भएको छ ।

प्रतिवेदन लेखनको सम्पूर्ण प्रक्रियामा योगदान तथा सहयोग पुऱ्याउनु हुने सामाजिक सुरक्षा नागरिक समाज सञ्जालका नितु बर्नवाल, सरोज आचार्य, निरुता के.सी. का साथै सम्पूर्ण साथीहरूप्रति आभार व्यक्त गर्दछु । साथै यस प्रतिवेदन तयारीका क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग तथा सहकार्य गर्ने सम्पूर्ण, व्यक्ति, संस्था तथा अधिकारीहरूप्रति पनि आभार व्यक्त गर्दै यो पुस्तिका सबै सरोकारवालाको लागि सहयोगी बन्ने अपेक्षा राखेको छु ।

तिलोत्तम पौडेल
अध्यक्ष
सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

# विषयसूची


१. अवधारणा ........ १

२. अध्ययनको औचित्य ........ ४

३. अध्ययनको उद्देश्य ........ ४

४. अध्ययन विधि र प्रक्रिया ........ ५

५. राजनीतिक दलका घोषणापत्रमा सामाजिक सुरक्षा ........ ६

५.१ नेपाली काङ्ग्रेस ........ ६

५.२ नेकपा (एमाले) को घोषणापत्रमा सामाजिक सुरक्षा ........ १०

५.३ नेकपा माओवादी केन्द्रको घोषणापत्रमा सामाजिक सुरक्षा ........ १४

५.४ राष्ट्रिय स्वतन्त्र पार्टीको घोषणापत्रमा सामाजिक सुरक्षा ........ १८

५.५ राष्ट्रिय प्रजातन्त्र पार्टीको घोषणापत्रमा सामाजिक सुरक्षा ........ १९

५.६ जनता समाजवादी पार्टीको घोषणापत्रमा सामाजिक सुरक्षा ........ २१

५.७ जनमत पार्टीको घोषणापत्रमा सामाजिक सुरक्षा ........ २३

६. राजनीतिक दलका घोषणापत्रमा उल्लिखित सामाजिक सुरक्षा कार्यक्रमः तुलनात्मक अध्ययन २३

७. निश्कर्ष र सुझाव ........ २५

७.१ राजनीतिक दलहरूलाई सुझाव ........ २८

७.२ नागरिक समाजलाई सुझाव ........ २८


# तालिका-सूची


तालिका १ : नेपालको संविधानमा सामाजिक सुरक्षा सम्बन्धी गरिएका व्यवस्था सूची ........ १

तालिका २ : नेपाल सरकारबाट लागू गरिएका सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू ........ २

तालिका ३ : सामाजिक सुरक्षा कार्यक्रमको वर्तमान अभ्यास, कार्यान्वयन गर्ने तथा सहयोगी निकाय/सरकार) ........ ३

तालिका ४ : राजनीतिक पार्टीहरूको घोषणापत्रमा सामाजिक सुरक्षा विषय समावेसिता अध्ययनका आधार ........ ५

तालिका ५ : नेपाली काङ्ग्रेसले निर्वाचन घोषणापत्रमा उल्लेख गरेका कोखदेखि शोकसम्मका सामाजिक सुरक्षा कार्यक्रम ........ ७

# १. अवधारणा

सामाजिक सुरक्षाका क्षेत्रमा कार्य गर्ने धेरै संस्था, विज्ञ तथा प्राज्ञिक क्षेत्रमा सामाजिक सुरक्षा र सामाजिक संरक्षणका विषयलाई एउटै अर्थमा प्रयोग गर्ने गरेको पाइन्छ । हुन त संरक्षणको अवधारणाले आवश्यकता पहिचानका आधारमा नीति तथा कानून निर्माण तथा संस्थागत संरचनाको विकासमा जोड दिन्छ । नेपालको संविधानले "आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने" भनी सामाजिक सुरक्षाका लक्षित तथा लाभग्राही इङ्गित गरेको छ । शिक्षा, स्वास्थ्य र रोजगारीका दृष्टिले सामाजिक सुरक्षा अधिकार हो । सबैले पढ्न पाउने, सबैलाई खोपको व्यवस्था तथा सबैलाई रोजगारीको प्रत्याभूति हुनु पर्ने अधिकार भित्र पर्दछन् । यसका लागि निश्चित परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका हुन्छन् । सामाजिक सुरक्षा राज्यको दायित्व भित्र पर्ने विषय हो र यो विना शर्त सबैलाई प्रत्याभूति गराउनु पर्ने विषय हो ।

नेपालमा सामाजिक सुरक्षाको अधिकारलाई कार्यान्वयन गर्न हालैका वर्षहरूमा केही कानूनहरू बनेका छन् । सामाजिक सुरक्षा ऐन, २०७५ ले बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति र सीमान्तीकृत जनजाति लक्षित सामाजिक सहायता योजनाहरूमा जोड दिएको छ । बालबालिका ऐन, २०७५ ले पनि बालबालिकाको हक, हित र संरक्षणलाई सुनिश्चित गरेको छ । निजामती सेवा ऐन (तेस्रो संशोधन २०७२) र श्रम ऐन, २०७४ मा सामाजिक सुरक्षा सम्बन्धी विभिन्न प्रावधानहरू समावेश गरिएका छन् । स्वास्थ्य बिमा ऐन, २०७४ ले सामाजिक स्वास्थ्य सुरक्षाको रूपरेखा प्रदान गरेको छ । यस्तै योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ ले अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) को सामाजिक सुरक्षा (न्यूनतम मापदण्ड) महासन्धि, १९५२ (नम्बर १०२) मा तोकिएका नौ शाखाहरू मध्ये आठलाई समेट्ने गरी सामाजिक बिमाको कानूनी रूपरेखा प्रदान गरेको छ । नेपालको संविधानमा सामाजिक सुरक्षा सम्बन्धी गरिएका व्यवस्था तालिका एकमा प्रस्तुत गरिएको छ ।

तालिका १ : नेपालको संविधानमा सामाजिक सुरक्षा सम्बन्धी गरिएका व्यवस्था सूची

| किसिम | धारा | लक्षित वर्ग र प्रबन्ध |
|---|---|---|
| मौलिक हक | ४३ | आर्थिक रूपले विपन्न, अशक्त र असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक |
| | ३४ | श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक |
| | ३८ | महिलालाई सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक |
| | ४० | दलितलाई सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिने, |
| | ४१ | ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक |
| | ४२ | विपन्न र लोपोन्मुखलाई संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि विशेष अवसर तथा लाभ पाउने हक |

| राज्यका नीति | ५१.९ (ञ) | राज्यका नीति सामाजिक न्याय र समावेशीकरणका लागि विभिन्न व्यवस्थाहरू सहित सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने । |
|---|---|---|

संविधानमा सामाजिक सुरक्षा सम्बन्धी सरकारको तहगत जिम्मेवारीमा संघीय सरकारको एकल जिम्मेवारीमा सामाजिक सुरक्षा र गरिबी निवारण पर्दछ (संविधानको अनुसूची ५ को ३२) । यस्तै स्थानीय तहको एकल जिम्मेवारीमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन (अनुसूची ८ को १६) रहेको देखिन्छ । यस्तै साझा अधिकारका रूपमा सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी कार्य (अनुसूची ७ को ११) रहेको देखिन्छ ।

देशको सामाजिक सुरक्षा कार्यक्रम छरिएको अवस्थालाई मध्यनजर गरी राष्ट्रिय योजना आयोगले एकीकृत सामाजिक सुरक्षा कार्यक्रमको अवधारणालाई अघि सारेको छ । आयोगले प्रकाशन गरेको प्रतिवेदनका अनुसार देशमा हाल ११ भन्दा बढी संघीय मन्त्रालयहरूबाट निम्नलिखित ५ प्रकृतिका ८० भन्दा बढी सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन भइरहेको देखिन्छ ।

तालिका २ : नेपाल सरकारबाट लागू गरिएका सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू

| | प्रमुख कार्यक्रम | स्किम तथा सुबिधा |
|---|---|---|
| क) | सामाजिक सहायता | ३९ |
| ख) | सामाजिक बिमा | १९ |
| ग) | योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम | ११ |
| घ) | श्रम बजार र रोजगारी | ६ |
| ङ) | कानूनी सहायता | १ |
| | अन्य | ८ |
| जम्मा | | ८४ |

*स्रोत : राष्ट्रिय योजना आयोग, २०७९ ।*

सामाजिक सहायता अन्तर्गत सामाजिक सुरक्षा भत्ता, छात्रवृत्ति, दिवा खाजा, आमा सुरक्षा कार्यक्रम आदि पर्दछन् भने योगदानमूलक सामाजिक सुरक्षा अन्तर्गत सामाजिक सुरक्षा कोषका कार्यक्रम, स्वास्थ्य बिमा, निवृत्तिभरण, सुरक्षित मातृत्व आदि उल्लेख गरिएको छ । यस्तै रोजगारी प्रवर्द्धन कार्यक्रममा सीप विकास, श्रम बजारमा पहुँच र रोजगारी सम्बन्धी कार्यक्रम देखिन्छन् ।

तालिका ३ : सामाजिक सुरक्षा कार्यक्रमको वर्तमान अभ्यास, कार्यान्वयन गर्ने तथा सहयोगी निकाय/ सरकार)

- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सहित सम्वद्ध स्वास्थ्य संस्थाहरू
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा सम्वद्ध शैक्षिक संस्थाहरू
- गृह मन्त्रालय (पोषण कार्यक्रम, समग्र बाल सुरक्षा)
- अर्थ मन्त्रालय
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
- राष्ट्रिय योजना आयोग

**प्रदेशका मन्त्रालयहरू तथा निकायहरू**

- आर्थिक विकास तथा योजना मन्त्रालय
- सामाजिक विकास मन्त्रालय
- आन्तरिक मामिला तथा कानून मन्त्रालय
- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
- प्रदेश नीति/योजना आयोग

**स्थानीय तह**

- ७५३ स्थानीय तह
- ६७३४ वडा

नेपालको संविधानले शासकीय प्रक्रियामा युवाको सहभागिता तथा संलग्नताको सम्बन्धमा प्रस्ट रूपमा बोलेको अन्तर्राष्ट्रिय श्रम सङ्गठनबाट सामाजिक सुरक्षा सम्बन्धी हालै प्रकाशित प्रतिवेदनका अनुसार सन् २०२०/२१ मा नेपालमा सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम सम्बन्धी न्यूनतम एक कार्यक्रमबाट

लाभान्वित जनसङ्ख्या ३२.९ प्रतिशत पुगेको जनाएको छ । राष्ट्रिय बजेटमा यस क्षेत्रमा लगानी १६.९ प्रतिशत र कुल गार्हस्थ उत्पादनको ४.९ % पुगेको प्रतिवेदनले जनाएको छ जो नेपाली रुपैयाँ दुई खरव १० करोड हुन आउछ ।

## २. अध्ययनको औचित्य

नेपालमा सामाजिक सुरक्षा कार्यक्रमको इतिहास लामो छ । राणा शासनकै बेला वि.सं. १९९३ बाट सरकारी सेवामा काम गर्ने कर्मचारीलाई निवृत्तिभरणको व्यवस्था गरी सरकारले सामाजिक सुरक्षाको इतिहास रचेको देखिन्छ । वि.सं. २०४६ सालको पञ्चायत विरुद्धको जनआन्दोलन पश्चात ५८ वर्ष पछि वि.सं. २०५१ सालको मनमोहन अधिकारी नेतृत्वको सरकारले ज्येष्ठ नागरिकलाई भत्ता वितरण कार्यक्रमको सुरुवात गरी सामाजिक सुरक्षाको क्षेत्रमा थप इटा थपेको देखिन्छ । त्यतिखेर बनेको अल्पमतको सरकारले ७५ वर्ष माथिका ज्येष्ठ नागरिकहरूलाई मासिक १०० रुपैयाँ भत्ता दिने परम्पराको सुरुवात गरेको थियो ।

यसबीच सबै नीतिहरूको माउनीतिको रूपमा हेरिने गरिएको राजनीतिक क्षेत्रबाट सामाजिक सुरक्षाको समग्र पक्षलाई कसरी सम्बोधन गरिएको छ भन्ने विश्लेषण हुन जरुरी हुन्छ । दलहरूले निर्माण गर्ने घोषणापत्रमा सामाजिक सुरक्षाको सैद्धान्तिक अवधारणा कसरी प्रस्तुत भएको छ ? सामाजिक सुरक्षा सम्बन्धी नगद हस्तान्तरण वा सेवा प्रवाहमा सुदृढीकरणको विषय के आधारमा तयार गरिएको छ ? भन्ने विश्लेषण हुनु जरुरी भएको छ । कतिपय सन्दर्भमा सामाजिक सुरक्षा राज्यको दायित्व भित्र पर्ने तथ्य हुँदाहुँदै पनि सरकारको औपचारिक कार्यक्रममा मात्र सीमित भएर सामाजिक सुरक्षाको संवेदनशीलता र मर्ममा नै यथेष्ट ध्यान नपुग्ने भन्ने पनि सवालहरू उठ्न थालेका छन् । दलहरूका घोषणापत्रमा समेटिएकै आधारमा सामाजिक सुरक्षासँग गम्भीर सवालहरूको सही सम्बोधन भएनभएको, सम्बन्धित लाभग्राहीले राज्यबाट प्रदान गरिने सेवा प्राप्तिको अनुभूति गरे नगरेको र यस सम्बन्धमा समेत राजनीतिक दलहरूले आफ्ना घोषणापत्रमा कसरी सम्बोधन गरेका छन् भन्ने विश्लेषण हुन पनि जरुरी भएको छ ।

## ३. अध्ययनको उद्देश्य

१. वि.सं. २०७९ मा सम्पन्न आम निर्वाचन तथा स्थानीय तहका निर्वाचनहरूमा मतदातालाई आर्कषण गर्ने तथा पाँच वर्ष भित्र सम्पन्न गरिने उद्घोषका साथ अध्ययनमा छानिएका राजनीतिक दलहरूबाट जारी गरिएका घोषणापत्रहरूमा सामाजिक सुरक्षा कार्यक्रम पहिचान गरी तिनको विश्लेषण गर्नु,

२. सम्बन्धित राजनीतिक दलहरूले आ–आफ्ना घोषणापत्रमा सामाजिक सुरक्षा कार्यक्रमलाई सम्बोधन गर्ने सैद्धान्तिक आधार, नेपालको संविधान तथा बनेका कानूनहरूसँग यी घोषणापत्रहरूले के–कसरी सामिप्यता राख्छन् र तिनको कार्यान्वयन पक्ष के–कसरी विश्वसनीय हुन सक्छ विश्लेषण गर्नु र

३. सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू निर्धारण गर्दा राजनीतिक दलहरूले तयार गरेका आधारहरूमा तिनको दिगोपनाको विषय के–कसरी सम्बोधन भएको छ पहिचान गरी आवश्यक सुझाव पेश गर्नु ।

# ४. अध्ययन विधि र प्रक्रिया

यस अध्ययनमा आम निर्वाचन २०७९ को नतीजामा ३ प्रतिशत थ्रेसहोल्ड कटाउने सात राजनीतिक दलहरूलाई समावेश गरिएको छ । यी दलहरूले २०७९ मा सम्पन्न भएका स्थानीय तहको निर्वाचन तथा आम निर्वाचनका बेला जारी गरेका घोषणापत्रमा सामाजिक सुरक्षा सम्बन्धी विषयलाई समेटेर अध्ययन प्रतिवेदन तयार भएको छ । छानिएका राजनीतिक दलहरू यसप्रकार रहेका छन् :

- नेपाली काङ्ग्रेस
- नेकपा (एमाले)
- नेकपा माओवादी केन्द्र
- राष्ट्रिय स्वतन्त्र पार्टी
- राष्ट्रिय प्रजातन्त्र पार्टी
- जनता समाजवादी पार्टी
- जनमत पार्टी ।

अध्ययनको आधार सामाजिक सुरक्षा ऐनमा व्यवस्था भएको सामाजिक सुरक्षासँग सम्बन्धित निम्नलिखित बुँदाहरूलाई बनाइएको छ ।

तालिका ४:राजनीतिक पार्टीहरूको घोषणापत्रमा सामाजिक सुरक्षा विषय समावेशिता अध्ययनका आधार

- ज्येष्ठ नागरिक भत्ता
- विपन्न नागरिक भत्ता
- अशक्त र असहाय भत्ता
- असहाय एकल महिला भत्ता
- अपाङ्गता भत्ता
- बाल पोषण भत्ता
- लोपोन्मुख जाति भत्ता
- आफ्नो हेरचाह आफैं गर्न नसक्नेलाई स्याहार भत्ता
- पेन्सन
- नि:शुल्क शिक्षा
- नि:शुल्क स्वास्थ्य उपचार
- बिमा कार्यक्रम
- नि:शुल्क आवासको व्यवस्था
- यातायात भाडामा हुने छुट
- सीपमूलक तालिम
- बजार व्यवस्थापन
- श्रम र रोजगारी
- कानूनी सहायता
- योगदानमा आधारित सामाजिक सुरक्षा

यसरी तयार गरिएको मस्यौदा प्रतिवेदन १२ असार २०८० का दिन आयोजना गरिएको कार्यशाला गोष्ठीमा प्रस्तुत गरियो । गोष्ठीका सहभागीहरूबाट प्राप्त सुझावहरू समेतलाई समेटेर प्रतिवेदनलाई अन्तिम रूप दिइएको छ ।

# ५. राजनीतिक दलका घोषणापत्रमा सामाजिक सुरक्षा

## ५.१ नेपाली काङ्ग्रेस

समाजवादी–लोकतान्त्रिक राजनीतिक दलको रूपमा स्थापित नेपाली काङ्ग्रेसको स्थापना २००६ चैत २७ मा नेपाल राष्ट्रिय काङ्ग्रेस र नेपाल प्रजातान्त्रिक काङ्ग्रेसको एकीकरणबाट भएको थियो । वि.स. २०७९ सालको निर्वाचन पछि नेपाली काङ्ग्रेस प्रतिनिधि सभा र राष्ट्रिय सभाको प्रमुख दल बनेको छ । वि.सं. २०७९ सालको निर्वाचनमा नेपाली काङ्ग्रेसले आम निर्वाचन २०७९ का लागि तयार गरेको आफ्नो घोषणापत्रमा परिकल्पना गरेको समतामूलक र न्यायपूर्ण समाजमा नागरिकको जन्मदेखि मृत्युसम्म सामाजिक सुरक्षा दृष्टिले राज्यका केही निश्चित आर्थिक तथा सामाजिक दायित्व हुने उल्लेख गरेको छ ।

### एकीकृत सामाजिक सुरक्षा

घोषणापत्रमा नेपाली काङ्ग्रेसले सस्तो लोकप्रियताका लागि सामाजिक सुरक्षाका खुद्रे वितरणमुखी कार्यक्रम भन्दा पनि प्रत्येक नेपाली नागरिकले सम्मानित जीवनयापन गर्न सक्ने गरी एकीकृत सामाजिक सुरक्षा अवधारणामा विश्वास गर्ने बताएको छ । पार्टीले यसका लागि कोखदेखि शोकसम्मको एकीकृत सामाजिक सुरक्षा अवधारणालाई निम्नलिखित बुँदाहरूको आधारमा अघि सारेको छ :

१. लोकतान्त्रिक समाजमा हरेक नागरिक आत्म सम्मानका साथ बाँच्न पाउनु पर्दछ । जन्मदेखि मृत्युसम्मको जीवनचक्रमा केही निश्चित कालखण्डहरू बढी जोखिमपूर्ण हुन्छन्, जति बेला नागरिकको भरथेग गरिदिनु राज्यको दायित्व हो ।

२. जिम्मेवार राज्यले सामर्थ्य र आवश्यकतालाई सन्तुलनमा राख्नु पर्दछ । अल्पकालीन राजनीतिक लाभका लागि राज्यको ढुकुटी रित्याउने गरी जथाभावी वितरणमुखी कार्यक्रम ल्याउनु हुँदैन । तर मुलुकको राजस्व, नागरिकको योगदान, संस्थागत कोषहरू र नवीन वित्तीय उपकरणहरूले धान्न सम्भव भएसम्म राज्य जनताप्रति जिम्मेवार र सहयोगी बन्नु पर्दछ ।

३. वृहत पुनर्वितरण र सामाजिक बिमा समेटिने एकीकृत सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरी यसको उद्देश्य हासिल गर्न विशेष पहल गरिने, यसलाई दुरुपयोग हुन नदिन तथा यसलाई अझै नागरिकमैत्री बनाउन सरकारले उत्प्रेरकको भूमिका निर्वाह गर्दै थप सहजीकरण र सरलीकरण गर्नुपर्छ ।

### कोखदेखि शोकसम्म सामाजिक सुरक्षा

नेपाली काङ्ग्रेसले आम निर्वाचन २०७९ को आम निर्वाचनमा राष्ट्रिय परिचय स्मार्ट कार्डका माध्यमबाट कोखदेखि शोकसम्मका निम्न कार्यक्रमहरूको एकीकृत सामाजिक सुरक्षा प्याकेज लागू गर्ने घोषणापत्रमा लेखेको छ । वार्षिक संघीय बजेटमा सामाजिक सुरक्षाका सबै कार्यक्रमहरूको अंश १० प्रतिशत भन्दा कम नहुने उल्लेख गर्दै पार्टीले कोखदेखि शोकसम्मका सामाजिक सुरक्षा कार्यक्रमलाई तालिकामा प्रस्तुत बुँदाहरूमा उल्लेख गरेको छ :

तालिका ५ : नेपाली काङ्ग्रेसले निर्वाचन घोषणापत्रमा उल्लेख गरेका कोखदेखि शोकसम्मका सामाजिक सुरक्षा कार्यक्रम

| | |
|---|---|
| प्रजनन् स्वास्थ्य र अधिकार | • प्रजनन् छनोट स्वतन्त्रताको प्रत्याभूति<br>• युवायुवतीलाई नि:शुल्क प्रजनन् स्वास्थ्य शिक्षा र सेवा |
| गर्भावस्था | • गर्भावस्थामा नि:शुल्क परीक्षण र परामर्श<br>• गर्भवतीका लागि नि:शुल्क पोषणको प्याकेज |
| सुरक्षित मातृत्व | • नि:शुल्क संस्थागत सुत्केरी सेवा<br>• सुत्केरी र नवजात शिशुको घर दैलोमा स्वास्थ्य सेवा<br>• पाँच हजार सुत्केरी भत्ता<br>• सुत्केरी आमा पोषिलो खाना अन्तर्गत आमा र शिशुका लागि १००० दिनसम्म पोषण कुपन |
| बालविकास | • नि:शुल्क खोप तथा पोषण प्याकेज<br>• ३ वर्षमुनिका बालबालिकालाई नि:शुल्क उपचार<br>• शिशु स्याहार केन्द्र र दिवा खाजा |
| शिक्षा | • नि:शुल्क आधारभूत तथा माध्यमिक शिक्षा<br>• दलित र विपन्न विद्यार्थीका लागि उच्च शिक्षासम्म विशेष सहयोग छात्रवृत्ति<br>• प्राविधिक शिक्षा सहायता र छात्रवृत्ति कार्यक्रम<br>• शैक्षिक संस्थामा आवास, खाना, पोसाक, छात्रवृत्ति र प्रोत्साहन (साइकल, ल्यापटप) |
| स्वास्थ्य | • सबै नागरिकलाई स्वास्थ्य बिमा<br>• ६५ वर्ष भन्दा माथिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र विपन्न लगायतलाई नि:शुल्क स्वास्थ्य सेवा<br>• नि:शुल्क स्वास्थ्य बिमा<br>• स्वास्थ्य उपचारमा खल्तिको पैसा खर्च गर्न नपर्ने विशेष व्यवस्था |

| | |
|---|---|
| रोजगारी र श्रम | • सबै युवायुवतीलाई सम्मानित रोजगार, तरुण सीप वृत्ति वा पूर्णकालीन शिक्षा<br>• स्वरोजगार सहुलियत कार्यक्रम (एकल महिला तथा अपाङ्गता भएका नागरिकद्वारा सञ्चालित स्वरोजगारको हकमा ५० प्रतिशत सरकारको तर्फबाट योगदान)<br>• विपन्नका लागि न्यूनतम १०० दिनको रोजगारीको प्रत्याभूति<br>• सबै श्रमिकको सामाजिक सुरक्षा कोष मार्फत् योगदानमा आधारित निवृत्तिभरण<br>• सबै श्रमिकको संचय कोष र उपादानको प्रत्याभूति<br>• दलित समुदायको परम्परागत सीप प्रवर्द्धन सहयोग<br>• वैदेशिक रोजगारमा संलग्नका लागि लाभांश दिने रेमिट परियोजना |
| वृद्धावस्था | • ६५ वर्ष माथिका सबै ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य बिमा<br>• ६८ वर्ष माथिका सबै ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक भत्ता<br>• ७३ वर्ष माथिका सबै नागरिकलाई निःशुल्क उपचार<br>• ज्येष्ठ नागरिक सत्संग केन्द्र<br>• ज्येष्ठ नागरिक उपचार खर्च<br>• ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा |
| मृत्यु संस्कार | • विपन्न आर्थिक अवस्था भएका नागरिकको मृत्यु हुँदा मृत्यु संस्कार खर्च १० हजार स्थानीय सरकार मार्फत् उपलब्ध, आदि । |

कोखदेखि शोकसम्म नेपाली काङ्ग्रेसको घोषणापत्रमा उल्लेखित एकीकृत सामाजिक सुरक्षाको अवधारणा हो जसले सबै नागरिकलाई जीवनचक्रको एक वा बढी चरणमा समेट्ने उल्लेख गरेको छ । सबल स्वास्थ्य, पोषण, शिक्षा र सामाजिक सुरक्षामा राज्यको प्रभावकारी भूमिका, दक्ष जनशक्ति, दिगो वित्तीय सुनिश्चितता र सामुदायिक अपनत्व नेपाली काङ्ग्रेसले अवलम्बन गर्ने पद्धतिका अंश हुने घोषणापत्रमा उल्लेख छ । यसका लागि परिवर्तनशील आर्थिक संरचनाहरूमा रोजगारीको प्रकृति, श्रम र पुँजीको प्रतिफल र स्वामित्वको हिस्सा, बिहेबारी एवम् सन्तानमा गरिने फरक लगानीका कारण पनि असमानता बढ्दै गएकोले तिनको न्यूनीकरण गर्ने प्रयत्न गरिने भनिएको छ ।

## स्थानीय तहको निर्वाचनमा नेपाली काङ्ग्रेसको घोषणापत्रमा सामाजिक सुरक्षा

### ज्येष्ठ नागरिक भत्ता

- ६५ वर्ष माथिका सबै ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य बिमा, ६५ वर्ष माथिका ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक भत्ता, ज्येष्ठ नागरिक उपचार खर्च, ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा ।

## असहाय एकल महिला भत्ता

- सुत्केरी महिलालाई ५ हजार सुत्केरी सहायता भत्ता, सबै महिलालाई नि:शुल्क गुणस्तरीय स्यानिटेरी प्याड वितरणको व्यवस्था, गर्भावस्थामा नि:शुल्क परीक्षण, घरवारविहीन विपन्न गर्भवतीका लागि नि:शुल्क आश्रय र पोषणको व्यवस्था ।

## अपाङ्गता भत्ता

- ६५ वर्ष भन्दा माथिका अपाङ्गता भएका विपन्न लगायतलाई नि:शुल्क बिमा, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षाको दायरामा ल्याइने र निरन्तर सहयोगीको आवश्यकता पर्ने अपाङ्गता भएका व्यक्तिलाई थप व्यक्तिगत सहयोगी उपलब्ध गराइने, अभिभावक वा संरक्षक नभएको अवस्थामा त्यस्ता अपाङ्ग व्यक्तिको उचित संरक्षणको व्यवस्था मिलाइने, अति अशक्त र अपाङ्गता भएका व्यक्तिको नि:शुल्क स्वास्थ्य बिमा ।

## नि:शुल्क शिक्षा

- विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि गुणस्तरीय दिवा खाजा कार्यक्रम, छात्राहरूका लागि विद्यालयमा नै गुणस्तरीय नि:शुल्क सेनिटरी प्याडको व्यवस्था, नि:शुल्क खोप तथा पोषण तालिका, शिशु स्याहार केन्द्र र दिवा खाजा, बाबुआमा विहीन (एकल वा दोहोरो अनाथ) बालबालिकाको संरक्षण र सामाजिक सुरक्षाको व्यवस्था ।

## नि:शुल्क स्वास्थ्य उपचार

- तीन वर्षभित्र सबै विद्यालयमा विद्यालय नर्स कार्यक्रम व्यवस्थित गर्ने ।

## बिमा कार्यक्रम

- पाँच वर्षभित्र प्रत्येक स्थानीय तहलाई पूर्ण स्वास्थ्य बिमित बनाउने, ६५ वर्ष माथिका ज्येष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका, अति विपन्न, दलित, एकल महिला, अति अशक्त र अपाङ्गता भएका व्यक्तिलाई नि:शुल्क बिमा ।

## निर्व्याजी कृषि, व्यवसायका निम्ति दिइने ऋण

- युवा-युवतीलाई नि:शुल्क प्रजनन् स्वास्थ्य शिक्षा, मृत्यु संस्कार खर्च, तरूण सीप र वृत्ति विकास, सबै युवा-युवतीलाई सम्मानित रोजगार, स्वरोजगार कार्यक्रम सञ्चालन, सबै श्रमिकको सामाजिक सुरक्षा कोषमार्फत योगदानमा आधारित निवृत्तिभरणको व्यवस्था, सबै श्रमिकको सञ्चय कोष र उपदानको प्रत्याभूति र एकल महिला तथा अपाङ्गता भएका नागरिकद्वारा सञ्चालित स्वरोजगारको हकमा ५०% योगदान सरकारको तर्फबाट व्यवस्था ।

## ५.२ नेकपा (एमाले) को घोषणापत्रमा सामाजिक सुरक्षा

नेपाल कम्युनिष्ट पार्टीको स्थापना वि.सं. २००६ मा भए पश्चात विभिन्न आरोह अवरोह पार गर्दै २०४७ सालमा नेकपा (एमाले) निर्माण भएको हो । नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी–लेनिनवादी) र नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी) बीच एकीकरण भई २०४७ पुस २२ गते नेकपा (एमाले) निर्माण भएको हो । आम निर्वाचन २०७९ मा नेकपा (एमाले) ले आफ्नो घोषणा–पत्रमा उल्लेख गरेका सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरूलाई निम्नलिखित बुँदामा उल्लेख गरिएको छ :

### जीवनचक्रमा आधारित सामाजिक सुरक्षा मौलिक हकको रक्षा

- बाल्यकालदेखि वृद्धावस्थालाई समेट्ने गरी जीवनचक्रमा आधारित सामाजिक सुरक्षासम्बन्धी व्यवस्था र यसको प्रभावकारी कार्यान्वयन,
- सबै नागरिकको संरक्षण र विकासका लागि बाल्यकालमा पोषण, शिक्षा र स्वास्थ्य, युवा अवस्थामा सीप, उद्यमशीलता र रोजगारी तथा ज्येष्ठ नागरिकहरूलाई सम्मान, संरक्षण र सुरक्षाको व्यवस्था
- कृषि, आवास, स्वास्थ्य र उद्यमशीलताका क्षेत्रमा महिला, अपाङ्ग, विपन्न, सीमान्तीकृत जातजाति वा समूह र क्षेत्रलाई लक्षित गरी ब्याज तथा अनुदानका स्किमहरू
- गर्भावस्थामा पोषण र स्वास्थ्य परीक्षण, बाल्यावस्थामा बालसंरक्षण अनुदान, विद्यालय उमेरमा नि:शुल्क शिक्षा र दिवाखाजा, वयस्क उमेरमा कामको ग्यारेन्टी र न्यूनतम ज्याला तथा वृद्ध अवस्थामा सामाजिक सुरक्षा भत्ताको प्रबन्ध गरी हरेक व्यक्तिलाई गर्भावस्थादेखि वृद्धावस्थासम्म राज्यद्वारा सुरक्षाको प्रत्याभूति ।

### सबैका लागि काम र नियमित कमाइको सुनिश्चितता

काम, रोजगारी र सामाजिक सुरक्षाका प्रबन्धबाट सबैका लागि काम र नियमित कमाइ सुनिश्चित गरिने, प्रतिबद्धता नेकपा (एमाले) को घोषणाापत्रमा उल्लेख गरिएको छ । यस अन्तर्गत निम्नलिखित प्रतिबद्धता उल्लेख गरिएका छन् :

- रोजगारी सिर्जना हुने क्षेत्रमा राज्यको लगानी
- रोजगारी र उद्यमशीलताउन्मुख स्वरोजगारीका लागि सीप, पुँजी र व्यावसायिक तालिम
- सुरुवाती व्यवसाय गर्न चाहिने बिउँपुँजीको सहुलियतपूर्ण ब्याजदरमा उपलब्धता
- कामदार वा श्रमिकको न्यूनतम ज्याला सुनिश्चित गरी समयानुकूल वृद्धि
- आर्थिक वृद्धिका आधारमा सबै प्रकारका भत्ताको वृद्धि
- न्यूनतम ज्याला मासिक रू २५ हजार
- सीपमूलक तालिम मार्फत वयस्क उमेरमा कामको ग्यारेन्टी र न्यूनतम ज्यालाको सुनिश्चितता

- प्रभावकारी स्वास्थ्य बिमा कार्यक्रम मार्फत नागरिकको स्वास्थ्योपचारमा सहजता ।

## सबैका लागि काम र नियमित कमाइको सुनिश्चितता

- ६० वर्षभन्दा माथिका नागरिकका लागि उच्च रक्तचाप र मधुमेह रोगको निःशुल्क परीक्षण तथा औषधिको उपलब्धता
- वृद्धावस्थामा सामाजिक सुरक्षा भत्ताको प्रबन्ध गरी हरेक व्यक्तिलाई गर्भावस्थादेखि वृद्धावस्थासम्म राज्यद्वारा सुरक्षाको प्रत्याभूति ।

## योगदानमा आधारित सामाजिक सुरक्षा

ज्येष्ठ नागरिक, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जाति तथा लक्षित वर्ग र क्षेत्रका बालबालिका गरी पाँच वर्षमा ६० लाखले सामाजिक सुरक्षा भत्ता पाउने गरेको तथ्य विश्लेषण गर्दै नेकपा (एमाले) ले आफ्नो घोषणापत्रमा सबै श्रमिक तथा कर्मचारीलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनु पर्ने तथ्य औल्याएको छ । यस अन्तर्गत निम्नलिखित प्रतिबद्धता गरिएको छ :

- औपचारिक क्षेत्रका सबै र अनौपचारिक क्षेत्रका ७५ प्रतिशत श्रमिकहरू योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा समेटिने
- स्वदेश तथा विदेशमा, ज्याला रोजगारी तथा स्वरोजगारीमा रहेका सबैलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा समेटिने ।

## महिला र बालबालिका लक्षित सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू

- प्रसूति हुने शतप्रतिशत महिलाको गर्भावस्थाको नियमित स्वास्थ्यजाँच तथा दक्ष स्वास्थ्यकर्मीको सहयोगमा स्वास्थ्य संस्थाबाट प्रसूति सेवाको सुनिश्चितता
- ग्रामीण तथा दुर्गम क्षेत्रमा जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको निःशुल्क आपतकालीन उद्धार गर्न हवाई एम्बुलेन्स र एम्बुलेन्सको व्यवस्था ।

## बाल पोषण भत्ता

- गर्भावस्थामा पोषण र स्वास्थ्य परीक्षण, बाल्यावस्थामा बालसंरक्षण अनुदान, विद्यालय उमेरमा निःशुल्क शिक्षा र दिवा खाजा, वयस्क उमेरमा कामको सुनिश्चितता ।

## निःशुल्क शिक्षा

- सम्पूर्ण बालबालिकालाई शिक्षाको अवसर सुनिश्चित गरिने, कुनै पनि बालबालिका आर्थिक दुरावस्थाका कारण विद्यालय जानबाट वञ्चित हुने वा बिचैमा पढाइ छोड्नु पर्ने अवस्था अन्त्य,

- प्रारम्भिक बाल विकास कार्यक्रमदेखि माध्यमिक तहसम्मको शिक्षालाई नि:शुल्क र अनिवार्य,
- खाजा, पोसाक, शैक्षिक सामग्री लगायत विद्यार्थीलाई उपलब्ध गराइने सुविधामा वृद्धि ।

## नि:शुल्क स्वास्थ्य उपचार

- सबै बालबालिकालाई पूर्ण खोपको सुनिश्चितता ।

## कृषि

- "कोही भोकै पर्दैन, भोकले कोही मर्दैन" को नीति कार्यान्वयन गर्ने गरी कामका लागि रोजगारी कार्यक्रमबाट प्रतिवर्ष एक लाख परिवारलाई खाद्य सुरक्षा दिइने,
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्रतिवर्ष तीनलाख परिवारलाई आय आर्जनमार्फत खाद्य सुरक्षा प्रदान गरिने,

## स्वस्थ महिनावारी, सुरक्षित मातृत्वको नीति कार्यान्वयन

- सुरक्षित महिनावारी कार्यक्रमका लागि महिनावारी हुने उमेर समूहका देशभित्रका सम्पूर्ण महिलाका लागि गुणस्तरीय स्यानिटरी प्याड वा अन्य वैकल्पिक साधन खरिदका निम्ति वार्षिक रू १ हजार ५ सय उपलब्ध गराइने
- प्रसुति हुने शतप्रतिशत महिलाको गर्भावस्थाको नियमित स्वास्थ्यजाँच तथा दक्ष स्वास्थ्यकर्मीको सहयोगमा स्वास्थ्य संस्थाबाट प्रसूति सेवाको सुनिश्चितता,
- ग्रामिण तथा दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको नि:शुल्क आपत्कालीन उद्धार गर्न हवाई एम्बुलेन्सको व्यवस्था ।

## स्थानीय तहको निर्वाचनमा नेकपा (एमाले) को घोषणापत्र

स्थानीय तहको निर्वाचन लक्षित नेकपा (एमाले) को घोषणापत्रले सामाजिक न्याय र सुरक्षाको दायरालाई विस्तार गर्दै जनतालाई परिवर्तन, संघीय लोकतान्त्रिक गणतन्त्र र नयाँ युगको अनुभूति दिलाउने गरी काम अगाडि बढाउने श्रेय लिएको देखिन्छ । सामाजिक न्याय र सुरक्षामा उल्लेखनीय उपलब्धि हासिल गर्न नेकपा (एमाले) को भूमिका रहेको चर्चा गर्दै पार्टीको पहलमा सामाजिक सुरक्षा भत्तामा उल्लेखनीय वृद्धि भएको तथा ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति र लोपोन्मुख समुदायका नागरिकलाई मासिक ४ हजार भत्ता प्रदानमा सफलता मिलेको उल्लेख गरेको छ । पार्टीले यस घोषणापत्रमा निम्न लिखित विषयवस्तुलाई आफ्नो सरकारका पालामा भएका उपलब्धिको रूपमा चर्चा गरेको छ :

- योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम मार्फत निजी क्षेत्र र असङ्गठित क्षेत्रका लाखौं श्रमिक यसमा आवद्ध र लाभान्वित हुने,

- प्राविधिक शिक्षामा छात्रवृत्ति, विद्यार्थीहरूलाई खाजा वितरण जस्ता स्थानीय तहको कामले शिक्षाको गुणस्तर बढाउने,
- स्वास्थ्य सेवा शिविर सञ्चालन, प्रजनन् स्वास्थ्य, पोषण सेवा सम्बन्धी कार्य गर्ने, गम्भीर रोगको पूर्व परीक्षण (स्क्रिनिङ) र पाठेघरको क्यान्सरको नि:शुल्क परीक्षण
- गर्भवती सबै महिलाले स्वास्थ्य केन्द्रमा प्रसूति हुन आवश्यक सुविधा र प्रोत्साहन गर्ने, गर्भावस्थामा नै पौष्टिक आहार वितरण, स्वास्थ्य परीक्षण, मातृत्व शिक्षा र शिशु स्याहारकार्यलाई अझ प्रभाकारी बनाउने,
- प्रत्येक नागरिकको अनिवार्य स्वास्थ्य बिमा गर्ने, ज्येष्ठ नागरिक, विपन्न, दलित, एकल महिला र अपाङ्गता सहितका व्यक्तिको नि:शुल्क स्वास्थ्य बिमा,
- सार्वजनिक, निजी र सहकारी माध्यमद्वारा औद्योगिकीकरण गर्दै उत्पादन वृद्धि, रोजगारी सिर्जना, गरिबी निवारण र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने, सामाजिक सुरक्षा कार्यक्रम मार्फत् श्रमिकहरूको हक संरक्षण,
- श्रमिकको न्यूनतम ज्याला प्रत्याभूत गर्ने औपचारिक वा अनौपचारिक प्रकृतिका, कृषि, उद्योग र सेवा क्षेत्रमा कार्यरत सबै श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने, निर्माण क्षेत्रमा अधिकतम रोजगारी सिर्जना हुनेगरी श्रमप्रधान प्रविधिको प्रयोग,
- खुशी ज्येष्ठ नागरिक, सुखी बालबालिका: अपाङ्गतामैत्री सबै स्थानीय तह,
- जीवनचक्रमाथि आधारित सामाजिक सुरक्षा कार्यक्रम मार्फत ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति र असहायहरूको संरक्षण गर्दै सभ्य र सुसंस्कृत समाज निर्माण,
- बाल्यकालदेखि वृद्धावस्थासम्म संबोधन हुने गरी जीवनचत्रमा आधारित सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयन र अनुगमन,
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत सङ्कलन र सहयोगको अभियान सञ्चालन गर्ने, उनीहरूका लागि घरमै नि:शुल्क स्वास्थ्य परीक्षण सेवाको उपलब्धता,
- अपाङ्गतामैत्री सार्वजनिक संरचना, अशक्त व्यक्तिका लागि सहज रूपमा आधारभूत सेवा,
- सामाजिक सेवाको क्षेत्रमा सम्लग्न संस्थाको दर्ता, नियम र अनुगमन गर्ने मानवीय सहायताका क्षेत्रमा परोपकारी संस्थासँग सहकार्य,
- लोपोन्मुख, सीमान्तकृत, धार्मिक र लैङ्गिक अल्पसंख्यक, जोखिममा रहेका जाति तथा परिवारको संरक्षण र विकासका लागि विशेष कार्यक्रम,
- जन्मदर्ता अनिवार्य गर्ने, कुनै पनि बालबालिकालाई राज्य विहीनताको अवस्थामा रहन नदिने ।

## ज्येष्ठ नागरिक भत्ता

- मासिक ४ हजार भत्ता प्रदान, ज्येष्ठ नागरिकको लगत सङ्कलन र सहयोगको अभियान सञ्चालन गर्ने, उनीहरूका लागि घरमै नि:शुल्क स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराउने ।

### असहाय एकल महिला भत्ता

- मासिक ४ हजार भत्ता प्रदान, एसिड आक्रमणबाट पीडित महिलाहरूको न्यायका लागि नयाँ कानून, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा लगायत महिलाका संविधानप्रदत्त हकको प्रभावकारी कार्यान्वयन ।

### अपाङ्गता भत्ता

- मासिक ४ हजार भत्ता प्रदान, असहाय बालबालिका तथा अपाङ्गता भएका व्यक्तिको सुरक्षा तथा संरक्षण, बाल श्रम निवारण, सडक मानव र सडक बालबालिकाको उद्धार, पुनर्स्थापना र संरक्षण, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत सङ्कलन र सहयोगको अभियान सञ्चालन गर्ने, उनीहरूका लागि घरमै नि:शुल्क स्वास्थ्य परीक्षण सेवाको उपलब्धता ।

### लोपोन्मुख जाति भत्ता

- मासिक ४ हजार भत्ता प्रदान, लोपोन्मुख, सीमान्तकृत, धार्मिक र लैङ्गिक अल्पसंख्यक, जोखिममा रहेका जाति तथा परिवारको संरक्षण र विकासका लागि विशेष कार्यक्रम ।

### बिमा कार्यक्रम

- निजी क्षेत्र र असङ्गठित क्षेत्रका लाखौं श्रमिक यसमा आवद्ध र लाभान्वित हुने क्रम सुरु, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत न्यूनतम १०० दिनको रोजगारी वा बेरोजगार भत्ता ।

## ५.३ नेकपा माओवादी केन्द्रको घोषणापत्रमा सामाजिक सुरक्षा

नेपाल कम्युनिस्ट पार्टी (माओवादी-केन्द्र) नेपालमा १० वर्षे शसस्त्र विद्रोह गरेपछि संविधानसभाको पहिलो चुनावमा पहिलो पार्टी, दोस्रो संविधानसभा पश्चात तेस्रो ठूलो दल स्थापित भएको पार्टी हो । वि.सं. २०७९ सालको निर्वाचनमा नेकपा माओवादी केन्द्रले आफ्नो घोषणा-पत्रमा सामाजिक सुरक्षाका मुद्धालाई निम्नलिखित बुँदाहरू मार्फत उठाएको देखिन्छ :

- शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक सुरक्षा र वातावरण संरक्षण लगायतका क्षेत्रमा राज्यको नेतृत्व
- श्रमिकको हितलाई विकास नीतिको उच्च प्राथमिकता
- सामाजिक संरक्षण र प्रत्येक नागरिकको सुरक्षालाई केन्द्रबिन्दुमा राखेर जनतालाई एकीकृत सेवा प्रदान
- हरेक उमेर समूह र वर्गका नागरिकका लागि सवल सामाजिक सुरक्षा प्रणाली ।

## गरिबी निवारण

- गरिबीको रेखामुनि रहेका सबै नागरिकलाई एक वर्षभित्र राज्य सुरक्षा कार्ड वितरण, कार्ड प्राप्त गरेका घरपरिवारलाई आधारभूत स्वास्थ्य र शिक्षा निःशुल्क तथा अत्यावश्यकीय वस्तुहरूको सुपथ मूल्यमा उपलब्धता
- गरिबीको रेखामुनि रहेका जनतालाई व्यवसाय गर्न रू. ५ लाखसम्मको बिउ पुँजी बिना धितो २ प्रतिशत व्याजदरमा उपलब्ध गराइने, यस अनुसार सञ्चालित व्यवसायको बिमा गर्दा प्रिमियममा ९० प्रतिशत अनुदान दिने व्यवस्था ।

## स्वास्थ्य

- स्वास्थ्यमा सकारात्मक विभेदको नीति अवलम्बन गरी गरिब, विपन्न र असहाय वर्गको उपचार निःशुल्क गर्ने व्यवस्था गरिने, यसका लागि सबै नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रममा संलग्न गराउने, गरिब तथा विपन्न परिवारलाई स्वास्थ्य बिमा निःशुल्क गर्ने, स्वास्थ्य बिमा अन्तर्गत उपलब्ध गराइने स्वास्थ्य सेवाको दायरा र गुणस्तर बढाउने तथा सहजरूपमा स्वास्थ्य सेवा प्राप्त हुने व्यवस्था ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरूको उपचारका लागि विशिष्टीकृत अस्पताल निर्माण गरिने, १०० वा सो भन्दा बढी शैया संख्या भएका अस्पतालहरूमा बालबालिका तथा ज्येष्ठ नागरिकहरूको उपचारको लागि छुट्टै एकाइ तथा दक्ष स्वास्थ्यकर्मीको व्यवस्था
- बालबालिकाको पोषण र ज्येष्ठ नागरिकको स्वास्थ्य सेवाका लागि घुम्ती शिविर सञ्चालन गर्ने तथा स्वास्थ्यकर्मीहरूलाई घरघरमा परिचालन गर्ने व्यवस्था
- दुर्गम क्षेत्रका गर्भवती महिला र सुत्केरीले समयमा उपचार नपाउँदा अल्पायुमै हुने मृत्युलाई रोकथाम गर्न अति दुर्गम र कर्णालीका जिल्ला बराबर एक हेलिकप्टरको व्यवस्था गरी एयर एम्बुलेन्स सेवा सञ्चालन ।
- सिकलसेल जस्ता आनुवांशिक रोगको निःशुल्क उपचारको व्यवस्था गर्ने ।

## शिक्षा

- १२ कक्षासम्मको शिक्षा निःशुल्क साथै अनिवार्य बनाइने
- निःशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन तथा नियमावलीको मर्म र भावना बमोजिम कार्यान्वयन गरी नागरिकको शिक्षा पाउने अधिकार सुनिश्चित गरिन

## युवा

- आगामी पाँच वर्षभित्र २० लाख युवाहरूलाई छोटो माध्यमबाट रोजगार र स्वरोजगार बनाउने गरी राष्ट्रिय रोजगार प्राधिकरणले स्थानीय तहमा रहेको जनसंख्याको आधारमा ५०० देखि १०००

जनासम्म युवालाई अभिमुखीकरण तालिम, बिउ, पुँजी, सहुलियतपूर्ण कर्जा र प्राविधिक सहयोग उपलब्ध गराउने, यसका साथै प्राधिकरणको श्रम क्षेत्रका सम्पूर्ण समस्याहरूको प्याकेजमा सम्बोधन

- योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको दायरा विस्तार गरी यसको कार्यान्वयनलाई प्रभावकारी तुल्याइनेछ । सामाजिक सुरक्षा कोषमा राज्यको तर्फबाट गरिने, लगानी वृद्धि
- श्रमिकहरूको जीवनयापनलाई सहज तुल्याउन नमुनाको रूपमा केही कार्यस्थलमा सुपथ मूल्य पसल सञ्चालन गर्ने व्यवस्था
- खेलकुदका क्षेत्रमा संलग्न युवाको जीविकोपार्जनका लागि मापदण्ड बनाई आवश्यक आर्थिक सहयोगको प्रबन्ध ।

## महिला

- स्नातक तहसम्म गरिब महिलालाई नि:शुल्क शिक्षाको व्यवस्था
- स्तन, पाठेघरको क्यान्सर जस्ता दिर्घरोगलाई बिमा मार्फत नि:शुल्क उपचारको व्यवस्था ।

## दलित

- अन्तरजातीय विवाह गर्नेहरूलाई आत्मनिर्भर बनाउनको लागि आवश्यक रोजगारमूलक तालिम तथा बिनाधितो सहुलियत व्याजदरमा रू. १० लाखसम्मको बैङ्क कर्जा उपलब्ध गराइने ।

## ज्येष्ठ नागरिक

- विपन्न, गरिब, असहाय, दीर्घ रोगी, ज्येष्ठ नागरिकको नियमित भत्तालाई आवश्यकता अनुसार वृद्धि ।

## बालबालिका

- प्रत्येक बालबालिकालाई आधारभूत शिक्षा अनिवार्य र नि:शुल्क तथा दिवा खाजाको व्यवस्था

## अपाङ्गता भएका व्यक्ति

- संविधान र ऐनहरूलाई अपाङ्गतामैत्री बनाउने र प्राविधिक क्षेत्रमा अपाङ्गताको पहुँच पुऱ्याउने व्यवस्था
- अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य बिमा र जीवन बिमा नि:शुल्क
- अपाङ्गता भएका व्यक्तिको आवश्यकता अनुसारका स्यानीटरी प्याड तथा प्राविधिक सामग्रीको उपलब्धता
- अपाङ्गताका कारण जीविकोपार्जनमा असहजता बेहोरिरहेका युवालाई आवश्यक मापदण्ड बनाइ मासिक भत्ताको व्यवस्था गरिने, भत्ता पाइरहेकाको हकमा सरकारबाट क्रमिक रूपमा वृद्धि ।

## सांस्कृतिक रूपान्तरणका लागि सामाजिक सुरक्षा

- संस्कृतिकर्मीहरूका लागि स्वास्थ्य बिमा र उपचारमा विशेष सहुलियतको व्यवस्था
- पत्रकार र सबै प्रकारका सञ्चार माध्यमको पेशागत तथा भौतिक सुरक्षाको प्रत्याभूति गरिने, सम्पूर्ण पत्रकारहरूको स्वास्थ्य, दुर्घटना तथा हुलदङ्गा वा आतङ्कको बिमा गरिने ।

## स्थानीय तहको निर्वाचनमा नेकपा माओवादी केन्द्रको घोषणापत्रमा सामाजिक सुरक्षा

चुनाव जितेको ६ महिना भित्र विपन्न परिवारको पहिचान गर्ने लक्ष्यका साथ यस पार्टीले स्थानीय तहको निर्वाचनका लागि निम्नलिखित प्रतिबद्धताहरू गरेको देखिन्छ :

### असहाय एकल महिला वा विधवा

- प्रत्येक वडामा प्रसुती सेवा तथा निम्न आय भएका हरेक सुत्केरीलाई तीन महिनासम्म रू ३००० मासिक भत्ता ।

### बाल पोषण भत्ता

- बाल स्वास्थ्य र पोषण कार्यक्रम ।

### नि:शुल्क शिक्षा

- १२ कक्षासम्म पूर्ण नि:शुल्क शिक्षा, गरिबीको रेखा मुनि रहेका वर्ग तथा अल्पसंख्यक समूहका न्यूनतम एक/एक जना प्रतिभाशाली विद्यार्थीलाई प्रत्येक वर्ष चिकित्सा शास्त्र र इनजीनियरिंग तह अध्यन गर्नछात्रवृति नि:शुल्क स्वास्थ्य उपचार, नि:शुल्क सेनिटरी प्याड वितरण ।

### बिमा कार्यक्रम

- सबै नागरिकलाई अनिवार्य तथा नि:शुल्क स्वास्थ्य बिमा, नि:शुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा ।

### नि:शुल्क आधारभूत स्वास्थ्य सेवा

- आधारभूत स्वास्थ्य सेवालाई नि:शुल्क बनाउन ११० वटा औषधी नि:शुल्क वितरण
- स्थानीय महिला स्वास्थ्य स्वयंसेवीकालाई प्रोत्साहन भत्ता
- सिक्कलसेल एनिमिया जस्ता रोगका विरामीलाई नि:शुल्क उपचार, क्यान्सर, मृगौला तथा मेरुदण्ड रोगबाट पीडित स्थानीय नागरिकलाई मासिक स्वास्थ्य भत्ता, प्रत्येक किशोरीलाई पाठेघर क्यान्सर विरुद्धको खोप ।

## ५.४ राष्ट्रिय स्वतन्त्र पार्टीको घोषणापत्रमा सामाजिक सुरक्षा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को स्थापना २०७९ असार ७ गते भएको थियो भने यस दल निर्वाचन आयोगमा, २०७९ असार १७ गते दर्ता भएको थियो । स्थापना वर्षमा नै प्रतिनिधि सभा निर्वाचन, २०७९ मा प्रत्यक्ष तर्फ ७ सिट जितेको यस दलले समानुपातिक तर्फ १३ सीट हासिल गर्न सफलता पायो । यस आम निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो घोषणा-पत्रमा सामाजिक सुरक्षा सम्बन्धी निम्नलिखित प्रतिबद्धताहरू गरेको देखिन्छ । यस पार्टीले सबै नागरिकले राज्यको मूलप्रवाहमा समान पहुँच र अवसर पाइ आरक्षण बिना नै खुला प्रतिष्पर्धामार्फत सबैको समानुपातिक, समावेशिता प्रतिनिधित्व हुने भएकाले आरक्षण सान्दर्भिक नहुने जनाएको छ ।

### गरिबी निवारण

- गरिबीको रेखामुनी रहेका नागरिक तथा परिवारलाई आधारभूत खाद्यान्न पुऱ्याउन रासन कार्डको व्यवस्था गरिने, न्यून आय भएका परिवारलाई सहयोग पुऱ्याउन सरकारद्वारा हरेक वडामा खाद्य केन्द्रहरू सञ्चालन ।

### आर्थिक, श्रम तथा रोजगार र बिमा

- सबै नागरिकको सामाजिक र आर्थिक सुरक्षाको ग्यारेन्टी
- वार्षिक रूपमा नेपाल सरकारको आठौँ तहको तलबमान बराबरसम्म कमाउनेले आयकर तिर्न नपर्ने व्यवस्था
- निजी क्षेत्रसँगको साझेदारीमा बिमा मार्फत सामाजिक सुरक्षाको सञ्जाल बनाइने । सामाजिक सुरक्षाको पुनःसंरचना गरेर हरेक नेपाली वृद्धावस्थामा आर्थिक रूपमा आत्मनिर्भर बनाउने तर्फ पहल गर्ने सामाजिक सुरक्षा कोषमा सबै नेपालीलाई आबद्ध

### अपाङ्गता भएका व्यक्तिहरू

- पक्षघात भएका, हिँडडुल गर्न नसक्ने अपाङ्गता तथा वृद्धहरूका लागि घरैमा स्वास्थ्य सेवा तथा सरकारी सेवाहरू ।

### दलित तथा सीमान्तीकृत समुदाय

- न्यून प्रतिनिधित्व भएका, दलित तथा सीमान्तीकृत समुदायहरूलाई लक्षित गरी सीपमूलक तथा उद्यम तालिमका लागि १ अर्बको समावेशी तथा समन्याय कोषको स्थापना
- आरक्षित समूहलाई कम्तिमा ५० प्रतिशत रोजगार दिने संस्थाहरूलाई ५० प्रतिशत व्यवसाय करछुट ।

### युवा, विद्यार्थी र वैदेशिक रोजगारीमा संलग्न व्यक्ति

- विद्यार्थीहरूको उमेरगत मानसिक, शारीरिक आवश्यकता पूरा गर्न विश्व स्वास्थ्य संङ्गठनले तोके बमोजिमको पौष्टिकता प्रदान गर्ने गरी पहिलो चरणमा कक्षा ८ सम्म दिवा खाजा कार्यक्रम अनिवार्य गरिने

- हरेक प्रदेशमा अपाङ्गता एवम् फरक क्षमता भएका बालबालिकाका लागि पूर्वाधारयुक्त विशेष आवासीय विद्यालयको व्यवस्था ।

### स्वास्थ्य

- आकस्मिक मेडिकल उपचार तथा प्रसव ऐन अनिवार्य लागू गरिने, जसले अस्पतालको आकस्मिक विभागमा आउने कुनै पनि बिरामी वा गर्भवती महिलालाई उनको बिमा स्थिति वा तिर्ने क्षमताको मतलब नगरी प्रक्रियागत झन्झट बिना जीवन रक्षा गर्न अनिवार्य स्वास्थ्य उपचारको ग्यारेन्टी ।

### कृषि

- कृषकहरूलाई आर्थिक तथा प्राकृतिक विपतिबाट सुरक्षित राख्न कृषि बिमा र सामाजिक सुरक्षाकोषको व्यवस्था गरिने ।

### शिक्षा

- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सबल बनाइनेछ र सम्भावित बाढी, गेग्रान बहाव, पहिरो, डुबान र अन्य घटनाहरूको चेतावनी दिनको लागि एकीकृत प्रकोप पूर्व चेतावनी प्रणाली निर्माण गरिने ।

### असहाय एकल महिला वा विधवा

- वडा तहमा स्तन क्यान्सर, पाठेघरको क्यान्सरको स्क्रिनिंग गरिने, वडा स्तरीय अभियानहरूमा प्रजनन् स्वास्थ्य सचेतनाका कार्यक्रमहरू ।

### सामाजिक बिमा

- करदातालाई कर रकम अनुसार स्वास्थ्य बिमाको उपलब्धता ।

## ५.५ राष्ट्रिय प्रजातन्त्र पार्टीको घोषणापत्रमा सामाजिक सुरक्षा

राष्ट्रिय प्रजातन्त्र पार्टीको स्थापना २०४७ साल जेठ १५ गते भएको हो । पूर्व पञ्चहरूको पार्टीको रूपमा चिनिने यस पार्टीले २०४८ को आम निर्वाचनदेखि निर्वाचनमा भाग लिएको थियो । आम निर्वाचन २०७९ मा राष्ट्रिय प्रजातन्त्र पार्टीले पूँजी निर्माण, दिगो विकास, नि:शुल्क शिक्षा र स्वास्थ्य, सामाजिक सुरक्षा, समान न्याय र समतामूलक सम्वृद्धिका साथै व्यापक रोजगारीको अभिवृद्धिका कार्यक्रमलाई दीर्घकालीन राष्ट्रिय लक्ष्यका रूपमा लिएको देखिन्छ । यो सोच पूरा गर्न पार्टीले आफ्नो दीर्घकालीन राष्ट्रिय रणनीतिमा दिगो सामाजिक सुरक्षा तथा संरक्षणको अवधारणालाई अघि सारेको छ ।

## शिक्षा

- कक्षा १२ सम्म पूर्ण रूपमा नि:शुल्क र गुणस्तरीय शिक्षाको सवैधानिक व्यवस्थालाई पूर्ण रूपमा लागू
- नवीनतम सूचना प्रविधि लगायत अन्य विभिन्न क्षेत्रमा स्वदेशी/विदेशी विज्ञ, नवीनतम प्रविधि निर्माणकर्ता समुदाय, उद्यमीहरू र बहुर्राष्ट्रिय कम्पनीहरूलाई आकर्षित गर्न उच्चस्तरीय स्टाट अप संयन्त्र निर्माण ।

## स्वास्थ्य

- आधारभूत स्वास्थ्य सेवा सबै नागरिकलाई नि:शुल्क तथा अनिवार्य गरिने,
- सबै नागरिकलाई स्वास्थ्य बिमाको पहुँच वृद्धि गरी बिमाको दायरामा ल्याइने र सबै बिमितले आफूले चाहेको अस्पतालमा उपचार गर्न पाउने व्यवस्था
- आयुर्बेद, प्राकृतिक योग तथा अन्य चिकित्सा पद्धतिको विकास र विस्तार
- खानेपानी सेवालाई प्रारम्भमा तत्काल १०,००० लिटरसम्म प्रत्येक घुरधुरीलाई नि:शुल्क र क्रमश: वृद्धि ।

## महिला र बालबालिका

- प्रत्येक वडामा सुरक्षित प्रसुती सेवा सहित न्यून आय भएका परिवारका सुत्केरीलाई तीन महिनासम्म रू. ३०००।- मासिक भत्ता
- प्रत्येक किशोरीलाई पाठेघरको क्यान्सर विरुद्धको खोप ।

## युवा, वैदेशिक रोजगारी, खेलकुद

- सातै प्रदेशमा वैदेशिक रोजगारीमा जानेहरूलाई तालिम सीप विकास, सहुलित ऋण र जीवन बिमाको व्यवस्था
- स्वदेशमै पूर्ण रोजगारीको वातावरण नबनेसम्म सातै प्रदेशमा वैदेशिक रोजगारीमा जानेहरूलाई तालिम, सीप विकास, सहुलियत ऋण र जीवन बिमाको व्यवस्था
- अक्षय कोषको व्यवस्था गरी खेलाडीको लागि सुनिश्चित सामाजिक सुरक्षा ।

## ज्येष्ठ नागरिक, असहाय नागरिक र अल्पसंख्यक

- एकल तथा विधुर, शारीरिक र मानसिक रूपमा अशक्त, असहाय ज्येष्ठ नागरिकका लागि घर दैलोमा स्याहार–सुसार, हेरचाह र औषधि उपचारको व्यवस्था
- अशक्त, असहाय र टुहुरा बालबालिकालाई आवश्यक शिक्षा, स्वास्थ्य र हेरचाहको व्यवस्थाका लागि स्याहार केन्द्रहरू

- ज्येष्ठ नागरिकलाई देशभित्र नि:शुल्क यातायात तथा धार्मिक यात्राको व्यवस्था
- यौनिक तथा लैङ्गिक अल्पसंख्यकको लागि रोजगारीको सुनिश्चितता, स्वास्थ्य उपचार, नि:शुल्क शिक्षा तथा सामाजिक अन्तरघुलन गरेर समुदायमा स्थापित गर्ने समावेशी नीतिहरू तर्जुमा ।

## स्थानीय तहको निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीको घोषणापत्रमा सामाजिक सुरक्षा

चुनाव जितेको ६ महिना भित्र विपन्न परिवारको पहिचान गर्ने प्रतिबद्धताका साथ राष्ट्रिय प्रजातन्त्र पार्टीले स्थानीय तहको निर्वाचनमा गरेका प्रतिबद्धताहरूलाई यस प्रकार उल्लेख गरिएको छ ।

### महिला र बालबालिका

- प्रत्येक वडामा प्रसुती सेवा तथा निम्न आय भएका हरेक सुत्केरीलाई तीन महिनासम्म रू. ३०००।- मासिक भत्ता
- बाल स्वास्थ्य र पोषण कार्यक्रम

### शिक्षा

- १२ कक्षासम्म पूर्ण नि:शुल्क शिक्षा, गरिबीको रेखा मुनि रहेका वर्ग तथा अल्पसंख्यक समूहका न्यूनतम एक/एक जना प्रतिभाशाली विद्यार्थीलाई प्रत्येक वर्ष चिकित्सा शास्त्र र इन्जीनियरिङ् तह अध्ययन गर्न छात्रवृति नि:शुल्क स्वास्थ्य उपचार, नि:शुल्क सेनिटरी प्याड वितरण गरिने,

### बिमा

- सबै नागरिकलाई अनिवार्य तथा नि:शुल्क स्वास्थ्य बिमा, नि:शुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा ।

### स्वास्थ्य

- आधारभूत स्वास्थ्य सेवा नि:शुल्क हुने, आधारभूत स्वास्थ्य सेवालाई नि:शुल्क बनाउन ११० वटा औषधि नि:शुल्क वितरण ।
- स्थानीय महिला स्वास्थ्य स्वयंसेवीकालाई प्रोत्साहक भत्ता, सिक्कलसेल एनिमिया जस्ता रोगका विरामीलाई नि:शुल्क उपचार, क्यान्सर, मृगौला तथा मेरुदण्ड रोगबाट पीडित स्थानीय नागरिकलाई मासिक स्वास्थ्य भत्ता, प्रत्येक किशोरीलाई पाठेघर क्यान्सर विरुद्धको खोप ।

## ५.६ जनता समाजवादी पार्टीको घोषणापत्रमा सामाजिक सुरक्षा

जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल) हालसालै गठन भएको राजनीतिक पार्टी हो । मधेस

आधारित दुई प्रमुख दलको एकीकरण भएर यो पार्टी बनेको थियो । यस पार्टीले आम निर्वाचन २०७९ का लागि तयार गरिएको घोषणापत्रमा सामाजिक सुरक्षा सम्बन्धी निम्नलिखित प्रतिबद्धताहरू जाहेर गरेको छ ।

### ज्येष्ठ नागरिक, असहाय र विपन्न नागरिक

- ज्येष्ठ नागरिक, असहाय, अशक्त, अपाङ्गता भएका व्यक्ति एकल महिला तथा विपन्न एवम् बेरोजगार व्यक्तिहरूलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याइने
- ज्येष्ठ नागरिकका लागि नि:शुल्क स्वास्थ्य उपचार र धार्मिक पर्यटनको व्यवस्था
- सामाजिक सुरक्षा भत्ताको रूपमा दिइएको वृद्ध भत्ता, एकल महिला भत्ता, लोपान्पुख समुदाय भत्ता, अस्पताल प्रस्सुती गर्दा दिइने सुत्केरी यातायात खर्च समयानुकूल वृद्धि ।

### मानव तस्करी तथा बेचबिखन विरुद्धको अभियान

- मानव तस्करी तथा बेचबिखनको अपराधलाई कठोर रूपमा दण्डनीय बनाई कडाइका साथ नियन्त्रण गर्ने, प्रत्येक अशक्त, अपाङ्गता भएका व्यक्तिलाई शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र रोजगारीको व्यवस्था ।

### अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक, सीमान्तीकृत र लोपोन्मुख समुदाय

- राज्यका संरचनाहरूको निर्माणलाई अपाङ्ग मैत्री बनाइने, बहिराहरूका लागि सम्बन्धित निकायहरूमा दोभाषेको व्यवस्था गर्ने, साङ्केतिक भाषा, स्पर्श भाषा, ब्रेल लिपिलाई राज्यद्वारा मान्यता प्रदान
- अल्पसङ्ख्यक, सीमान्तीकृत र लोपोन्मुख समुदायका परम्परागत सीपलाई वैज्ञानिकीकरण गर्न विशेष संरक्षणको कार्यक्रम ।

### महिला र बालबालिका

- महिलाहरूका लागि प्रसुति सेवा तथा मातृशिशु स्वास्थ्य नि:शुल्क उपलब्ध गराउने । आमा र शिशुको जीवन रक्षाको निम्ति मातृशिशु स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन
- महिलालाई प्रजनन्को हक तथा बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुने, प्रत्येक बालबालिकालाई पालन पोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान
- बालबालिकाको बालापनको संरक्षण गर्न बाल विकास केन्द्रहरूको स्थापना गर्नुका साथै बालबालिकाको शारीरिक र मानसिक विकासका लागि पोषण र मातृत्वसहितका बाल केन्द्रित कार्यक्रम व्यवस्थित रूपमा सञ्चालन
- असहाय, अनाथ, सुस्त मन:स्थिति, जोखिममा परेका वा अन्य यस्तै अवस्थामा रहेका बालबालिकालाई राज्यबाट विशेष सुविधाको व्यवस्था ।

### स्थानीय तहको निर्वाचनमा जनता समाजवादी पार्टीको घोषणापत्रमा सामाजिक सुरक्षा

- ६५ वर्ष माथिका ज्येष्ठ नागरिकलाई नि:शुल्क स्वास्थ्य सेवाको व्यवस्था
- विशेष शिक्षा (अपाङ्ग शिक्षा) लाई विस्तार
- सामाजिक सुरक्षा र सामाजिक न्यायलाई उच्च प्राथमिकता दिइने । औपचारिक तथा अनौपचारिक क्षेत्रमा रहेका सम्पूर्ण श्रमिकहरूलाई सामाजिक र आर्थिक लगायतका जोखिमबाट मुक्त गरी मर्यादित जीवन यापन एवम् सुरक्षित भविष्य निर्माणको सामाजिक सुरक्षा अभियानलाई सहज गरिने ।

### ५.७ जनमत पार्टीको घोषणापत्रमा सामाजिक सुरक्षा

मधेशबाट राजनीतिक यात्रा सुरु गरेको जनमत पार्टी वि.सं. २०६७ सालमा तत्कालीन सरकारसँग वार्तागरी शान्तिपूर्ण राजनीतिमा अवतरण गरेको हो । आम निर्वाचन २०७९ मा पहिलो पटक सहभागी भएको यस पार्टीले आफ्नो चुनावी घोषणापत्रमा सामाजिक सुरक्षासँग निम्न लिखित विषयवस्तुहरू समेटेको पाइन्छ :

- कक्षा १२ सम्म नि:शुल्क शिक्षा
- युनिभर्सल हेल्थ केयर
- एकीकृत सामाजिक सुरक्षा
- योग्य जनशक्ति उत्पादन गरी समाजवादसहित लोक कल्याणकारी राज्यको स्थापना गर्ने

## ६. राजनीतिक दलका घोषणापत्रमा उल्लिखित सामाजिक सुरक्षा कार्यक्रम : तुलनात्मक अध्ययन

### नेपाली काङ्ग्रेस

- स्थानीय तहको निर्वाचन घोषणापत्रमा भत्ता वितरणको उमेर ६५ वर्ष भनिएकोमा आम निर्वाचनको निर्वाचन घोषणापत्रमा यो उमेर ६८ वर्ष बनाइएको देखिन्छ ।
- आम निर्वाचन २०७९ को घोषणापत्रमा सामाजिक सुरक्षाको सवाललाई कोखदेखि शोकसम्मको अवधारणामा सामाजिक सुरक्षा कार्यक्रम अघि बढाएको देखिन्छ ।

### नेकपा (एमाले)

- जीवनचक्रमा आधारित सामाजिक सुरक्षा मौलिक हकको रक्षा
- सुरक्षित आवास र मर्यादित जीवनका लागि सामाजिक सुरक्षा
- सबैका लागि काम र नियमित कमाइको सुनिश्चितता गर्ने

- ज्येष्ठ नागरिकको नि:शुल्क स्वास्थ्य परीक्षण
- योगदानमा आधारित सामाजिक सुरक्षा
- सबै नागरिकमा वित्तीय पहुँच ।

## नेकपा माओवादी केन्द्र

- शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक सुरक्षा र वातावरण संरक्षण लगायतका क्षेत्रमा राज्यको नेतृत्वदायी भूमिका
- विकास नीतिको उच्च प्राथमिकतामा श्रमिकको हित
- सामाजिक संरक्षण र प्रत्येक नागरिकको सुरक्षालाई केन्द्रबिन्दुमा राखेर जनतालाई एकीकृत सेवा प्रदान
- हरेक उमेर समूह र वर्गका नागरिकका लागि सवल सामाजिक सुरक्षा प्रणाली ।

## राष्ट्रिय स्वतन्त्र पार्टी

- गरिबीको रेखामुनी रहेका नागरिक तथा परिवारलाई आधारभूत खाद्यान्न पुऱ्याउन रासन कार्डको व्यवस्था गरिने, न्यून आय भएका परिवारलाई सहयोग पुऱ्याउन सरकारद्वारा हरेक वडामा खाद्य केन्द्रहरू सञ्चालन गरिने
- सबै नागरिकको सामाजिक र आर्थिक सुरक्षाको ग्यारेन्टी हुने
- वार्षिक रूपमा नेपाल सरकारको आठौँ तहको तलबमान बराबरसम्म कमाउनेले आयकर तिर्न नपर्ने व्यवस्था राखिने
- विद्यार्थीहरूको उमेरगत मानसिक, शारीरिक आवश्यकता पूरा गर्न विश्व स्वास्थ्य संङ्गठनले तोके बमोजिमको पौष्टिकता प्रदान गर्ने गरी पहिलो चरणमा कक्षा ८ सम्म दिवा खाजा कार्यक्रम अनिवार्य गरिने ।

## राष्ट्रिय प्रजातन्त्र पार्टी

- दिगो सामाजिक सुरक्षा तथा संरक्षण
- कक्षा १२ सम्म पूर्ण रूपमा नि:शुल्क र गुणस्तरीय शिक्षाको संवैधानिक व्यवस्थालाई पूर्ण रूपमा लागू
- नवीनतम सूचना प्रविधि लगायत अन्य विभिन्न क्षेत्रमा स्वदेशी/विदेशी विज्ञ, नवीनतम प्रविधि निर्माणकर्ता समुदाय, उद्यमीहरू र बहुराष्ट्रिय कम्पनीहरूलाई आकर्षित गर्न उच्चस्तरीय स्टाट अप संयन्त्र निर्माण ।
- सातै प्रदेशमा वैदेशिक रोजगारीमा जानेहरूलाई तालिम सीप विकास, सहुलित ऋण र जीवन बिमाको व्यवस्था

- स्वदेशमै पूर्ण रोजगारीको वातावरण नबनेसम्म सातै प्रदेशमा वैदेशिक रोजगारीमा जानेहरूलाई तालिम, सीप विकास, सहुलियत ऋण र जीवन बिमाको व्यवस्था
- अक्षय कोषको व्यवस्था गरी खेलाडीको लागि सुनिश्चित सामाजिक सुरक्षा ।

### जनता समाजवादी पार्टी

- सामाजिक सुरक्षा भत्ताको रूपमा दिइएको वृद्ध भत्ता, एकल महिला भत्ता, लोपोन्मुख समुदाय भत्ता, अस्पताल प्रसूति गर्दा दिइने सुत्केरी यातायात खर्च समयानुकूल वृद्धि गर्ने
- अल्पसङ्ख्यक, सीमान्तीकृत र लोपोन्मुख समुदायका परम्परागत सीपलाई वैज्ञानिकीकरण गर्न विशेष संरक्षणको कार्यक्रम ल्याउने
- सामाजिक सुरक्षा र सामाजिक न्यायलाई उच्च प्राथमिकता दिइने । औपचारिक तथा अनौपचारिक क्षेत्रमा रहेका सम्पूर्ण श्रमिकहरूलाई सामाजिक र आर्थिक लगायतका जोखिमबाट मुक्त गरी मर्यादित जीवन यापन एवम् सुरक्षित भविष्य निर्माणको सामाजिक सुरक्षा अभियानलाई सहज गरिने ।

### जनमत पार्टी

- कक्षा १२ सम्म नि:शुल्क शिक्षा
- युनिभर्सल हेल्थ केयर
- एकीकृत सामाजिक सुरक्षा
- योग्य जनशक्ति उत्पादन गरी समाजवादसहित लोक कल्याणकारी राज्यको स्थापना गर्ने
- अनिवार्य २ वर्ष स्वयंसेवक तालिम ।

## ७. निश्कर्ष र सुझाव

राजनीतिक दलहरूले निर्माण गरेका निर्वाचन लक्षित घोषणापत्रहरूको विश्लेषण गर्दा नेपाल सरकारबाट लागू गरिएका सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरूमा नै केन्द्रित रहेको देखिन्छ । जसमा सामाजिक सहायता, सामाजिक बिमा, योगदानमा आधारित सामाजिक सुरक्षा, श्रम र रोजगारी रहेका देखिन्छन् । सामाजिक सहायता अन्तर्गत ज्येष्ठ नागरिक, विपन्न नागरिक, अशक्त र असहाय, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपन्मुख जाति, आफ्नो हेरचाह आफै गर्न नसक्ने नागरिकलाई भत्ता वितरणको कार्यक्रमलाई दलहरूले प्राथमिकतामा राखेको पाइन्छ । यस्तै बालबालिकाको पोषण पनि दलहरूले प्राथमिकतामा राखेका छन् । यस्तै सेवा प्रवाह सम्बन्धी सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत बालबालिकाको नि:शुल्क शिक्षा, सबै नागरिकलाई नि:शुल्क स्वास्थ्य उपचार, बिमा कार्यक्रम नि:शुल्क सीपमूलक तालिम, बजार व्यवस्थापन, श्रम र रोजगारीका क्षेत्रमा सुधारका कार्यक्रमलाई अघि बढाएको देखिन्छ ।

निर्वाचन मार्फत सबैभन्दा ठूलो दलको रूपमा स्थापित नेपाली काङ्ग्रेसले एकीकृत सामाजिक सुरक्षाको अवधारणलाई अघि सार्दै सस्तो लोकप्रियताका लागि सामाजिक सुरक्षाका खुद्रे वितरणमुखी कार्यक्रममा होइन भन्दा पनि प्रत्येक नेपाली नागरिकले सम्मानित जीवनयापन गर्न सक्ने गरी एकीकृत सामाजिक सुरक्षा अवधारणामा विश्वास गर्ने बताएको छ । यसका लागि नेपाली काङ्ग्रेसले कोखदेखि शोकसम्मको एकीकृत सामाजिक सुरक्षा अवधारणा अघि सारेको छ । यसलाई पूरा गर्न काङ्ग्रेसले लोकतान्त्रिक समाजमा हरेक नागरिक आत्मसम्मानका साथ बाँच्न पाउनु पर्ने, जन्मदेखि मृत्युसम्मको जीवनचक्रमा जोखिमपूर्ण हुने कालखण्डमा नागरिकको भरथेग गरिदिनु राज्यको दायित्व हुने कुरालाई अघि सारेको छ । यस्तै जिम्मेवार राज्यले सामर्थ्य र आवश्यकतालाई सन्तुलनमा राख्नु पर्ने धारणा सहित वृहत पुनर्वितरण र सामाजिक बिमा समेटिने एकीकृत सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरी यसको उद्देश्य हासिल गर्न विशेष पहल गरिने कुरालाई घोषणापत्रमा उल्लेख गरेको छ ।

निर्वाचनमा दोस्रो दलको रूपमा स्थापित नेकपा (एमाले) ले घोषणापत्रमा जीवनचक्रमा आधारित सामाजिक सुरक्षा मार्फत मौलिक हकको रक्षालाई प्रमुख प्राथमिकतामा राखेको देखिन्छ । यसका लागि पार्टीले बाल्यकालदेखि वृद्धावस्थालाई समेट्नेगरी जीवनचक्रमा आधारित सामाजिक सुरक्षासम्बन्धी व्यवस्था प्रभावकारी रुपमा लागू गरिने, सबै नागरिकको संरक्षण र विकासका लागि बाल्यकालमा पोषण, शिक्षा र स्वास्थ्य, युवा अवस्थामा सीप, उद्यमशीलता र रोजगारी तथा ज्येष्ठ नागरिकहरूलाई सम्मान, संरक्षण र सुरक्षाको व्यवस्था गरिने, कृषि, आवास, स्वास्थ्य र उद्यमशीलताका क्षेत्रमा महिला, अपाङ्ग, विपन्न, सीमान्तीकृत जातजाति वा समूह र क्षेत्रलाई लक्षित गरी ब्याज तथा अनुदानका स्किमहरू ल्याइने, तथा गर्भावस्थामा पोषण र स्वास्थ्य परीक्षण, बाल्यावस्थामा बालसंरक्षण अनुदान, विद्यालय उमेरमा नि:शुल्क शिक्षा र दिवाखाजा, वयस्क उमेरमा कामको ग्यारेन्टी र न्यूनतम ज्याला तथा वृद्ध अवस्थामा सामाजिक सुरक्षा भत्ताको प्रबन्ध गरी हरेक व्यक्तिलाई गर्भावस्थादेखि वृद्धावस्थासम्म राज्यद्वारा सुरक्षा दिइने कुरा अघि सारेको छ ।

निर्वाचनमा तेस्रो दलको रूपमा स्थापित नेकपा माओवादी केन्द्रले आफ्नो निर्वाचन घोषणापत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक सुरक्षा र वातावरण संरक्षण लगायतका क्षेत्रमा राज्यले नेतृत्व गर्नु पर्ने अवधारणा अघि सार्दै श्रमिकको हितलाई विकास नीतिको उच्च प्राथमिकतामा राखिने, सामाजिक संरक्षण र प्रत्येक नागरिकको सुरक्षालाई केन्द्रबिन्दुमा राखेर जनतालाई एकीकृत सेवा प्रदान गरिने र हरेक उमेर समूह र वर्गका नागरिकका लागि सवल सामाजिक सुरक्षा प्रणालीसँग जोडिने कुरालाई जोड दिएको छ । देशको मुख्य आवश्यकता गरिबी निवारण भएको तथ्य औँल्याउदै यस पार्टीले गरिबीको रेखामुनि रहेका सबै नागरिकलाई एक वर्षभित्र राज्य सुरक्षा कार्ड वितरण गरिने र कार्ड प्राप्त गरेका घरपरिवारलाई आधारभूत स्वास्थ्य र शिक्षा नि:शुल्क तथा अत्यावश्यकीय वस्तुहरू सुपथ मूल्यमा उपलब्ध गराइने घोषणापत्रमा उल्लेख गरेको छ ।

निर्वाचनमा चौथो दलको रूपमा र नयाँ पार्टीको रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो घोषणा-पत्रमा सबै नागरिकले राज्यको मुलभूत रूपमा समान पहुँच र अवसर पाई आरक्षण बिना नै खुला प्रतिष्पर्धामार्फत सबैको समानुपातिक, समावेशिता प्रतिनिधित्व हुने भएकाले आरक्षण सान्दर्भिक नहुने जनाएको छ । यस पार्टीले गरिबीको रेखामुनी रहेका नागरिक तथा परिवारलाई आधारभूत खाद्यान्न पुऱ्याउन

रासन कार्डको व्यवस्था गरिने, न्यून आय भएका परिवारलाई सहयोग पुऱ्याउन सरकारद्वारा हरेक वडामा खाद्य केन्द्रहरू सञ्चालन गरिने प्रतिबद्धता समेत जनाएको छ ।

निर्वाचनमा पाचौँ दलको रूपमा स्थापित राष्ट्रिय प्रजातन्त्र पार्टीको घोषणापत्रमा चुनाव जितेको ६ महिना भित्र विपन्न परिवारको पहिचान गर्ने प्रतिबद्धताका साथ प्रत्येक वडामा प्रसुती सेवा तथा निम्न आय भएका हरेक सुत्केरीलाई तीन महिनासम्म रू ३,०००।- मासिक भत्ता, बाल स्वास्थ्य र पोषण कार्यक्रम, १२ कक्षासम्म पूर्ण नि:शुल्क शिक्षा, गरिबीको रेखा मुनि रहेका वर्ग तथा अल्पसंख्यक समूहका न्यूनतम एक/एक जना प्रतिभाशाली विद्यार्थीलाई प्रत्येक वर्ष चिकित्शा शास्त्र र इन्जीनियरिङ्ग तह अध्ययन गर्न छात्रवृति नि:शुल्क स्वास्थ्य उपचार, नि:शुल्क सेनिटरी प्याड वितरण गरिने जस्ता कार्यक्रमलाई अघि सारेको छ ।

यस्तै विभिन्न पुराना दलबाट मिलेर बनेको जनता समाजवादी पार्टी, नेपालले आम निर्वाचन २०७९ का लागि तयार गरिएको घोषणापत्रमा सामाजिक सुरक्षा सम्बन्धी जाहेर गरेको प्रतिबद्धताहरूमा मानव तस्करी तथा बेचबिखनको अपराधलाई कठोर रूपमा दण्डनीय बनाई कडाइका साथ नियन्त्रण गर्ने प्रतिबद्धता जनाउदै प्रत्येक अशक्त, अपाङ्गता भएका व्यक्तिलाई शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र रोजगारीको व्यवस्था गर्ने अठोट गरेको छ । यस दलले ज्येष्ठ नागरिक, असहाय, अशक्त, अपाङ्गता भएका व्यक्ति एकल महिला तथा विपन्न एवम् बेरोजगार व्यक्तिहरूलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याउने, सामाजिक सुरक्षा भत्ताको रूपमा दिइएको वृद्ध भत्ता, एकल महिला भत्ता, लोपोन्मुख समुदाय भत्ता, अस्पताल प्रसूति गर्दा दिइने सुत्केरी यातायात खर्च समयानुकूल वृद्धि गर्ने जस्ता कार्यक्रम अघि सारेको छ ।

यसैगरी जनमत पार्टीले कक्षा १२ सम्म नि:शुल्क शिक्षा, युनिभर्सल हेल्थ केयर, एकीकृत सामाजिक सुरक्षा, योग्य जनशक्ति उत्पादन गरी समाजवादसहित लोक कल्याणकारी राज्यको स्थापना गर्ने जस्ता सामाजिक सुरक्षासँग सम्बन्धित सवाललाई आफ्नो घोषणापत्रमा उल्लेख गरेको छ ।

निश्कर्षमा, निर्वाचनको मिति घोषणा भएपछि राजनीतिक दलहरूले घोषणापत्र लेखन गर्ने गरेको परम्परा छ । घोषणापत्र निर्माणको सैद्धान्तिक र कार्यक्रमिक आधार तयार गर्न केही समय लाग्ने नै हुन्छ । समयको अभाव बीचमा लेखिएको घोषणापत्रले मतदातामा कस्तो प्रभाव पर्छ भन्ने मुख्य सवाल पनि उठेको पाइन्छ । विज्ञताको प्रयोग, परामर्शको आवश्यकता पहिचान तथा पार्टीका सैद्धान्तिक जगमा टेकेर घोषणापत्र निर्माण गर्ने हो भने सस्तो लोकप्रियता भन्दा पनि पार्टीका मूल्यमान्यता अनुरूप घोषणापत्र निर्माण हुने परम्परा स्थापित हुन सक्ने देखिन्छ । सामाजिक सुरक्षामा केन्द्रित रहेर गरिएको यस घोषणापत्रहरूको अध्ययनका क्रममा पनि कतिपय यस्ता सवालहरू खड्किएको पाइएको छ । पार्टीका हरेक दस्तावेजले नागरिक आर्कशित गर्न सक्नु पर्छ नत्र पार्टीको सान्दर्भिकता घट्न सक्छ र लोकप्रियता कमजोर हुन्छ । तसर्थ योजनावद्ध रूपमा पार्टीका घोषणापत्र निर्माण तयार गर्न हरेक पार्टीले घोषणापत्र निर्माण टिम खडा गर्ने, विगतका निर्वाचनका घोषणापत्रमा उल्लेख गरिएका विषयवस्तुको प्रवृति विश्लेषण (Trend Analysis) गर्ने, उल्लिखित कतिपय विषयवस्तुको सान्दर्भिकता पहिचान गरी नयाँ रूप र शैली प्रदान गर्नेगरी निर्वाचन घोषणा पश्चात जारी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । यसका साथै सामाजिक सुरक्षामा केन्द्रित रहेर यस अध्ययनमा छानिएका राजनीतिक दलहरूका निर्वाचन केन्द्रित घोषणापत्रहरूको विश्लेषणबाट प्राप्त नतिजाका आधारमा निम्नलिखित सुझावहरू पेश गरिएको छ :

## ७.१ राजनीतिक दलहरूलाई सुझाव

१. राजनीतिक दलहरूले जारी गरेका घोषणापत्रको कार्यान्वयन योजना निर्माण गर्न आवश्यक छ । यसका लागि सत्तामा पुगेका वा प्रतिपक्षमा रहने हरेक राजनीतिक दलहरूले घोषणापत्रमा उल्लेख गरिएको विषयवस्तुहरूको वर्तमान अवस्था र त्यसको आधारमा लिइनु पर्ने रणनीतिका वारेमा नागरिक तहमा नै सुसूचित हुने गरी कार्यक्रमहरू निर्माण गर्नु सुशानसनको दृष्टिकोणले पनि उपयुक्त हुन्छ ।

२. राजनीतिक दलहरूले विगतदेखि नै घोषणापत्रहरूको निर्माण गरी निर्वाचनमा भाग लिने गरेकोमा सामाजिक सुरक्षाका विषयमा घोषणापत्रमा लेखिए अनुसार सरकारले निर्माण गर्ने नीति तथा कार्यक्रममा यस विषयमा के कत्तिको प्रगति हुन सकेको छ भन्ने बारे नियमित अध्ययनका आधारमा रणनीतिहरू निर्माण गर्न जरुरी छ ।

३. अबका निर्वाचनमा केन्द्रित रहेर सामाजिक सुरक्षा केन्द्रित घोषणापत्र निर्माण गर्न पार्टीका सैद्धान्तिक मूल्यमान्यता, विश्व परिवेश र नेपालमा यसको सान्दर्भिकता र आवश्यकता तथा भविष्यको कार्यदिशा किटान हुनेगरी तथा पहिचान हुनेगरी सैद्धान्तिक र कार्यक्रमिक आधार तयार गरी घोषणापत्रका विषयवस्तु पहिचान गर्नु पर्दछ र यसका लागि एक स्थायी प्रकृतिको टिम बन्नु उपयुक्त देखिन्छ ।

४. सामाजिक सुरक्षा भन्नासाथ भत्ता वितरणको भाष्य निर्माण भएको पाइन्छ । यसभन्दा फरक विषयहरू प्रसस्तै छन्, कतिपय दलहरूका घोषणापत्रमा पनि यस्ता विषयहरू उल्लेख भएकै देखिन्छ तर प्राथिमिकतामा पर्ने, नपर्ने सवालले समाजिक सुरक्षा विषयको संवेदनशीलताको गहिराइ ओझेलमा परेको छ र वितरणमुखी कार्यक्रम भनेर आलोचना पनि भइरहेको छ । तसर्थ आगामी निर्वाचन लक्षित घोषणापत्र निर्माण गर्दा सामाजिक सुरक्षाको सैद्धान्तिक र कार्यक्रमिक आधार तयार हुने गरी विश्लेषण मार्फत विस्तृत सामाजिक सुरक्षाको अवधारणा तयार गर्न आवश्यक हुन्छ ।

५. संस्थागत संरचना सहित सामाजिक सुरक्षा सम्बन्धी एकीकृत आवधारणा विकास हुन जरुरी छ । राजनीतिक दलहरूले यस कार्यमा सैद्धान्तिक बहस मार्फत संरचना तयार गर्नु आवश्यक छ ।

## ७.२ नागरिक समाजलाई सुझाव

६. नागरिक समाजमा आवद्ध सामाजिक संघसंस्थाहरूले राजनीतिक दलहरूले आ–आफ्ना घोषणापत्रहरूमा उल्लेख गरेका सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनको पक्षलाई जोड दिन नियमित पैरवी गर्नु पर्ने देखिन्छ । यसका लागि सामाजिक सुरक्षा नागरिक समाज सञ्जालले समन्वय गर्न सक्छ । दलहरूले विगतको निर्वाचन लक्षित घोषणापत्रमा उल्लेख गरेका सामाजिक सुरक्षाका सवालमा भएको प्रगतिबारे नागरिक समाजले अनुगमन गर्न आवश्यक देखिन्छ । यस्तो अनुगमन गर्दा घोषणापत्रमा दलहरूले नै उठाएका निम्नलिखित सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन पक्षलाई लिन सकिन्छ :

- नेपाली काङ्ग्रेस : कोखदेखि शोकसम्मको एकीकृत सामाजिक सुरक्षा अवधारणा
- नेकपा (एमाले) : जीवनचक्रमा आधारित सामाजिक सुरक्षाको अवधारणा

- नेकपा माओवादी केन्द्र : सामाजिक सुरक्षा, राज्यको दयित्व सम्बन्धी अवधारणा
- राष्ट्रिय स्वतन्त्र पार्टी : सबै नागरिकले राज्यको मूलप्रवाहमा समान पहुँच र अवसर पाई आरक्षण बिना नै प्रतिनिधित्व हुने अवसर सिर्जनाको अवधारणा
- राष्ट्रिय प्रजातन्त्र पार्टी : चुनाव जितेको ६ महिना भित्र विपन्न परिवारको पहिचान गर्ने प्रतिबद्धता
- जनता समाजवादी पार्टी, नेपाल : मानव तस्करी तथा बेचबिखनको अपराधलाई कठोर रूपमा दण्डनीय बनाई कडाइका साथ नियन्त्रण गर्ने प्रतिबद्धता
- जनमत पार्टी : कक्षा १२ सम्म नि:शुल्क शिक्षा, युनिभर्सल हेल्थ केयर, एकीकृत सामाजिक सुरक्षा,

७. सामाजिक सुरक्षाको विषयलाई कार्यान्यवन गर्ने नेपाल सरकारका निकायहरू धेरै रहेको सम्बन्धमा यिनको सही सदुपयोग गर्ने उद्देश्यले एकीकृत सामाजिक सुरक्षाको अवधारणा लागू गर्न पैरवीका कार्यक्रमहरू निर्माण गर्ने ।

८. सामाजिक सुरक्षाका कतिपय विषयलाई कार्यान्वियन तहमा लैजान आवश्यक पर्ने क्षमता अभिवृद्धि कार्यक्रमलाई प्राथमिकतामा राखी सामाजिक संघसंस्थाहरूले तालिम, अध्ययन, पैरवी तथा अभियानका कार्यक्रमहरू तयार गर्न आवश्यक देखिन्छ ।